प्रदेश सभा

# गण्डकी प्रदेश

## नवौं अधिवेशन

## दोस्रो बैठक

मितिः- २०७८/११/२७ सोमवार

दिनको १:०० बजे

## कार्यवाहीको सम्पूर्ण विवरण

प्रदेश सभा, गण्डकी प्रदेशको नवौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा १ बजेर १० मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखः**- माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, सर्वप्रथम, शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु। सर्वप्रथम, माननीय सदस्य श्री कृष्ण बहादुर थापा, कास्की ।

**माननीय सदस्य श्री कृष्ण बहादुर थापा (ने.क.पा. एमाले)ः-** माननीय सभामुख महोदय, महानगरको वडा नं ३२ र ३३ जोड्ने पुल बनाउने क्रममा चाहिँ अहिले क्रयाक आएको हुँदा सभामुख मार्फत सम्बन्धित मन्त्रालयको तत्काल त्यहाँ ध्यान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्न चाहन्छु । त्यस्तै गरेर लामो समय देखि निर्माण भैरहेको वडा नं २१ को फुर्सेखोला देखि मट्टिखान जोड्ने बाटो अहिले हाल त्यो बाटोको निर्माणको काम अवरुद्ध भएको नबनाएको हुँदा त्यो बाटोको काम चाहिँ तत्काल बनाइदिनुहुन माननीय सभामुख मार्फत म सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु र हाम्रो यो प्रदेशको सम्मानित सभाहलमा पस्ने त्यहाँको बाटो विगत लामो समयदेखि त्यतिकै बिग्रिरहेको चाहिँ छ कम्तिमा पनि अब ६ महिना पछाडि अब हामी यस सदन बस्दैछौं तत्काल यो बाटो पनि निर्माण भयो भने राम्रो हुन्छ र सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु हवस् त धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्य श्री जुना देवी नेपाली, पर्वत ।

**माननीय सदस्य श्री जुना देवी नेपाली (ने.क.पा. एमाले)ः-** माननीय सभामुखज्यू, पर्वत जिल्लाको कुश्मा नगरपालिका भित्र दोबिल्ला पकुवा सिल्लिमा पर्ने मोदी खोलामा मोटरेवल पुल जीर्ण अवस्थामा पुगी दैनिक पर्वत जिल्लाको दक्षिण भेग लगायत कु.न.पा. र फ.न.पा. का अधिकांश वडाहरुमा आवतजावत गर्ने सडक अवरुद्ध भइ असहज परिस्थिति उत्पन्न भएको हुँदा मोदीखोलाको उक्त पुललाई दिगो रुपमा सञ्चालन गर्न र यातायातलाई सहज बनाउन प्रदेश सरकारको पनि ध्यान जान आवश्यक देखिएकोले प्रदेश सरकार मार्फत म सम्बन्धित सबै पक्षको ध्यानकर्षण गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ ।
माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साल । समय ७ मिनेट ।

**माननीय सदस्य श्री विकास लम्साल (ने.क.पा एमाले)ः-** माननीय सभामुख महोदय, हिजो दलका नेताहरुले दलको तर्फबाट यो संसदलाई सम्बोधन गर्नुभयो र विपक्षी दलको नेताले भनिपनि सक्नुभाछ।राजनीतिक दलका स्पष्ट धारणाहरु आएनन्, दृष्टिकोणहरु आएनन् भने यो अगाडि बढ्न सक्दैन अहिले हामी हेरिरहेका छौं, गठबन्धन छोड्ने तर फेरि सत्तालाई समर्थन गर्ने यो के चाहिँ दृष्टिकोण हो । यस्ले एउटा अन्यौलता सिर्जना गरेको छ । मैले यो एमसीसीको बारेमा भन्ने मन थिएन, एमसीसीको बारेमा पनि धेरै कुराहरु हिजो उठे । एमसीसीमा एमसीसी एउटा यस्तो हतियार बन्यो जस्ले ने.क.पा.को चाहिँ सरकारलाई एउटा बिघटन गर्ने ठाउँमा पुऱ्यायो। एमसीसी टेबुल हुँदा भयो भने म पासो लगाउँछु भन्नेहरु अहिले एमसीसीलाई फेरी पास गर्दाखेरी यो व्याख्यात्मक टिप्पणीमा अहिले एउटा दलिल पेस गर्दै हुनुहुन्छ। एमसीसी ने.क.पा. लाई विभाजन गर्नका लागि एउटा बहुमतको दुईतिहाईको सरकारलाई विभाजन गर्नका लागि एउटा हतियार बन्यो। एमसीसी फेरी व्याख्यात्मक टिप्पणी गरेर फेरी त्यस्लाई चाहिँ के रे अझ अगाडि बढाउनका

लागि अगाडि बढाउन खोजिदैंछ । यसलाई हामीले हाम्रो दृष्टिकोण प्रष्ट पारिसकेका छौं । हामीले भनेका छौं अब यस्को कार्यान्वयनमा जाउँ । आज यो जुन किसिमको जुन वातावरण सिर्जना हुँदैछ। यसले अहिले फेरी हामी स्थानीय निर्वाचनको एउटा तयारीमा जुटिरहेका छौं, अहिले जनताले यो सबै कुरा हेरिरहेका छन्।आज आँफुले केरे एउटा क्रान्तिकारी कुरा गर्ने, एउटा जनमत लिएर चाहिँ आउने र त्यो जनमतलाई खण्डित गरेर, त्यस्लाई फेरी विपक्षमा प्रयोग गरेर आज फेरि गठबन्धनको नाममा मुलुकलाई एउटा अन्यौलतातिर लान खोजिंदैछ सभामुख महोदय, आज जनताले यो कुरा राम्ररी हेरेका छन्, जनताले यो कुरा राम्ररी निगरानी राखेका छन्, भोलि ती राजनीतिक दलहरुलाई ती राजनीतिक दलहरुलाई जनताले राम्ररी सजाय दिनेछन् । जनताले निर्वाचनबाट तिनीहरुलाई एउटाखाले टुङ्गोमा पुऱ्याउनेछन् सभामुख महोदय, आज चाहिँ सरकारले पनि एउटा अध्यादेश ल्याउँछ, त्यो अध्यादेश कुनै एउटा राजनीतिक पार्टीलाई विभाजन गर्नको लागि तार्गेट गरेर ल्याउँछ र त्यो अध्यादेश ल्याइसकेर पार्टी विभाजन गरीसकेपछि फेरी त्यसलाई निस्क्रिय गराउँछ, यसरी मुलुकमा सुशासन कायम हुन सक्छ कि सक्दैन ? मुलुकमा लोकतन्त्र बलियो हुन सक्छ कि सक्दैन ? सभामुख महोदय, यो कुरा हामीले जनतालाई चाहिँ भन्न चाहन्छौं जनतालाई आह्वान गर्न चाहन्छौं । अहिले चाहिँ सरकारको कुरा मैले हेरें, यो सरकारको चारबर्षे पुस्तक मैले हिजो लगेर पढें।हिजो चाहिँ हाम्रो दलको नेताले, हिजो मुख्यमन्त्रीले यो सबै कुरा मैले सबै कुरा निरन्तरता दिएको छु भनेर भन्नुभयो त्यसको लागि म मुख्यमन्त्रीलाई धन्यवाद दिन चाहन्छु । पुस्तक हेर्दाखेरी निरन्तरता छ तर कार्यक्रमलाई निरन्तरता छ तर त्यसमा बजेटमा निरन्तरता छैन सभामुख महोदय, म सभामुख महोदय मार्फत यो सदनलाई भन्न चाहन्छु हिजो हामीले चाहिँ राम्रो पारदर्शी हिसाबले बजेट हामीले विनियोजन गऱ्यौं । हामीले केही केही कुराहरुमा टुङ्गो लगाएर बजेट बाँडौला भनेरे केही बजेटहरु मन्त्रालयमा कार्यविधि बनाएर बाँडौला भन्दाखेरी पोके बजेट भनेर धेरै ठूलो एउटा स्याल हुइयाँ गरीयो । त्यस्लाई पोके बजेट, यस्तो बजेट, उस्तो बजेट भनेर आरोप लगाइयो तर आज पोके बजेट होइन फोके बजेट यसो बजेट हालेको पनि देखिन्छ । मैले सुन्दैछु अब प्रतिवेदन पनि आउँदैछ, कतिपय छुट्याइएको बजेटहरु तल कार्यान्वयन पनि भएको छैन, कुनै कार्यक्रम पनि भएको छैन । १६ वटा योजनाहरुमा चाहिँ यसरी बीचैमा बजेटहरु

हिनामिना गरीएको छ। अब त्यो फोके बजेट एउटा चाहिँ सरकारले अगाडि सारेका दिर्घकालिन योजनाहरुमा राखिएको बजेटलाई एउटा पकेटबाट एउटा निश्चित मन्त्रीले योजनाहरु संकलन गरेर त्यो बजेट छुट्याउने त्यो कार्यकर्ता पाल्ने त्यस्ले चाहिँ मुलुकको गणतन्त्र बलियो हुन्छ कि हुँदैन ? मुलुकमा समाजवाद उन्मुख हामी कार्यक्रम भनेर भनेका छौं त्यस्लाई अगाडि पु¥याउँछ कि पु¥याउँदैन ? त्यस्ले एक निर्वाचन क्षेत्र एक सडक भनेर हामीले तार्गेट गरेको काम पुरा हुन सक्छ कि सक्दैन ? हामीले एक घर एक धारा भनेर अगाडि सारेको कार्यक्रम पुरा हुन सक्छ कि सक्दैन ? उज्यालो प्रदेश भनेर अगाडि सारेको कार्यक्रम पुरा हुन सक्छ कि सक्दैन ? निरन्तर अगाडि काम गरेका ठाउँमा बजेट नदिने, भुक्तानी नदिने अनि त्यस्ता बजेटका फोकाहरु बनाएर बजेट बाँड्ने कुराले मुलुकलाई कुन दिशातिर लैजान्छ ? सभामुख महोदय, आज सुशासनलाई चाहिँ के रे कमजोर बनाउने, आज पारदर्शितालाई कमजोर बनाउने, आज बजेटलाई चाहिँ जथाभावी चाहिँ के रे चलाउने र निरन्तर अगाडि सारेका दिगो कार्यक्रमहरुलाई चाहिँ अगाडि बढाउन नदिने यस्ले मुलुकलाई सही ठाउँमा पु¥याउन सक्छ कि सक्दैन म चाहिँ सभामुख मार्फत म यो चाहिँ सदनलाई सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। हामीले यी कुराहरु मसिनो गरी हेरेकाछौं । आज सडकमा चाहिँ काम सम्पादन भैसक्ने एक एक गाउँपालिकाको चाहिँ केन्द्रमा पुग्ने सडकहरुले कति राम्रो काम भएको थियो । एक निर्वाचन क्षेत्र एक सडक कति राम्रो काम भएको थियो। आज एक उद्योगग्राम एक गाउँ एक उद्योगग्रामले निरन्तरता किन पाउन सकेन । भोटेपोखरी र लौकाहा खोलाका उद्योग ग्रामहरुलाई उद्योग औद्योगिक क्षेत्रहरुलाई किन अगाडि बढ्न सकेनन्, त्यसलाई किन बजेट छुट्याइएन आज फेरि किन यस्ता फोके बजेटहरु बनाउने र एउटा निरन्तर कामलाई अगाडि नबढाउने र एउटा चाहिँ के रे रोजगारी सिर्जना गर्ने र उद्योग स्थापना गर्ने र एउटा पर्यटनको विकास गर्नको लागि हामीले चाहिँ अगाडि सारेका कार्यक्रमहरु आज हेर्नुस् तपाईंले ताल प्राधिकरण बनाइयो त्यो ताल प्राधिकरणको सिइओलाई आज किन निरन्तरता दिन सकिएन। सिइओले छोडेर जानुभयो तर त्यस्को स्रोत र साधनहरु प्रति चाहिँ सरकारले त्यहाँ गाडीहरु खोस्ने, त्यसलाई निरन्तरता नदिने, आज फेवातालको व्युटिफिकेसन किसिमको कामलाई अगाडि नबढाउने, आज हामीले प्रत्येक गाउँमा चाहिँ एक गाउँ एक पोखरी बनाउने भनेर अगाडि सारेका थियौं विगत

तीन बर्षमा हामीले अध्ययन गरेर आज २ सय नब्बे ओटा भन्दा बढि पोखरीहरुको संरक्षण गर्ने भनेर हामीले इन्भेन्ट्री बनाएर अगाडि सारेका छौं । त्यसमा बजेट विनियोजन नगर्ने तर एउटा कार्यकर्ता पोस्ने हिसाबले बजेटका फोकाहरु बनाउने, बजेट हालेजस्तो देखाउने तर त्यो बजेट कार्यान्वयनमा नजाने यसले आर्थिक अनुशासन हिनता बढाउने भन्दा अरु के गर्न सक्छ सभामुख महोदय, म सभामुख मार्फत म चाहिँ यो सदनको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु हामीले यी कुराहरु सबै हेरेका छौं, यी कुराहरु अब हामी जनताको बीचमा लिएर जान्छौं र यसरी एउटा उद्देश्यका साथ भोट लिने र अनि फेरि चोरीऔंला समातेर, ताते ताते गरेर एउटा क्रान्तिकारीहरुलाई तल पार्न खोज्ने नक्कली क्रान्तिकारीहरुलाई निर्वाचनले ठेगान लगाउनेछ त्यसैका लागि हामी यो वैशाख ३० गतेको निर्वाचन कुरेका छौं त्यसैका लागि हामी मंसिरमा आउने निर्वाचनमा जनताले ठेगान लगाउनेछन् र यो मुलुकलाई नयाँ संविधानले जुन परिकल्पना गरेको छ समाजवाद उन्मुख समाज निर्माण गर्ने त्यसमा जनताको जनमत लिएर नै हामी काम गरेर देखाउनेछौं।मैले यिनै कुराहरु राख्दै मेरो आफ्नो भनाई यहीं अन्त गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः**- अब, माननीय सदस्य श्री सरिता गुरुङ, समय ७ मिनेट।

**माननीय सदस्य श्री सरिता गुरुङ (नेपाली काँग्रेस):-** माननीय सभामुखज्यू, यहि फागुन २०७८ फागुन २२ गते तनहुँको सदरमुकाम दमौलीमा भुपाल आलेमगरको पसल, हार्डवेयर पसल गोदाममा बिद्युत सर्ट हुँदा आसपासको घर छिमेकीहरुमा आगजनी भयो त्यसमा ज्योती ब्रदर्श हार्डवेयर्स समेत गोदाम समेतमा आगो सल्किन जाँदाखेरी वरिपरिका सात घरलाई आगोले प्रभावित बनायो र त्यो आगो दन्किरहँदा तनहुँबासी दमौलीबासी निकै प्रभावित भए र सशंकित र हतास भएको अवस्था थियो त्यति भैरहँदा तनहुं व्यास नगरपालिकाको दमकल र तनहुँ हाइड्रोको दमकलले आगो निभाउन नसकिरहँदा पोखरा महानगरपालिका बेसीशहर नगरपालिका लमजुङ बेसीशहर नगरपालिका र चितवन भरतपुर महानगरपालिकाबाट दमकलहरु ल्याएर आगो निभाउँदा खेरि आगोलाई नियन्त्रणमा लिन सकिराखेको थिएन त्यतिखेर निकै कठिनाई अवस्था भैराखेको थियो र पछि त्यो हुँदा हुँदा नेतृत्वहरुको सहयोगले गर्दाखेरि हेलिकप्टरको सहयोगले गर्दा आगोलाई नियन्त्रणमा लिन

सकियो र करिब चार घण्टा देखि पाँच घण्टासम्म आगो दन्किरहँदाखेरि जनताहरु निकै प्रभावित भए, त्यो घटनामा चौध करोडको चाहिँ खर्च क्षति धनमालको क्षति भएको छ र एउटा  म अझ घटना घटिरहँदाखेरि त्यही दिनमा गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखज्यू, गण्डकी प्रदेश आन्तरिक मामिला मन्त्रीज्यूले घटनाको अनुगमन गर्नुभएको थियो ।त्यो घटनामा अनुगमन गरीरहँदा खेरि माननीय प्रदेश प्रमुखज्यूले म चाहिँ आज पिडितहरुलाई म यो प्रदेशबाट प्रदेश सरकारको होस् अथवा सङ्घ सरकारको होस त्यहाँबाट यो क्षति परेको घटनामा चाहिँ विपत्तिको घटनामा पाउने सहयोगहरुको लागि मेरो पहिलो प्राथमिकता रहनेछ त्यसमा मेरो पहल हुनेछ भनेर पिडितहरुलाई आश्वस्त गर्नुभएको थियो र त्यसैगरी त्यसपछि गण्डकी प्रदेश माननीय मुख्यमन्त्रीज्यूले पनि त्यो घटनालाई अनुगमन अध्ययन गर्नुभएको छ त्यसैगरी विभिन्न राजनीतिक दलका नेताज्यूहरुले पनि त्यो घटनाको अनुगमन गरीसक्नु भएको छ र सबै सामाजिक व्यक्तित्वहरु, समाजसेवी, राजनीतिक दल सबैले त्यो घटनाको अध्ययन गरेर सबैलाई जानकारी छ र जानकार हुँदा हुँदै पनि त्यसलाई अलिकति छिटो गरीदिन मैले अनुरोध गरें र अर्को त्यहाँ पिडितहरुको कुरा के छ भने म यहाँ हामी एघारै जिल्लाको जनप्रतिनिधिहरु यहाँ हामी उपस्थित छौं र के भयो भने त्यो आगो सल्काउँदाखेरि हुनत नेपालको दुईटा शहर मध्ये तनहुँको व्यास नगरपालिका र सुनसरीको धरान सदरमुकाम असाध्यै प्लटिङमा राम्रो हो त्यस्मा चाहिँ राम्रो छ भन्ने थियो बजारको कुराहरु बसोबास बस्तीहरु घर बनाउँदाखेरि त्यति हुँदाहुँदै पनि दमकलहरु पस्न नसक्दाखेरि अझ बढि क्षति हुने सम्भावना बढि थियो त्यसैले त्यो चाहिँ अब हामीले त्यसको बारेमा पनि बजारको बसाईलाई पनि ध्यान पुऱ्याउन मैले सबैलाई अनुरोध गरें र सँगसँगै फेरि के भन्ने त्यहाँ पिडितहरुले के भन्नुभएको थियो भने ठीक छ प्रदेश प्रमुखज्यू सँग हाम्रो यो घटना घट्यो नघटनुपर्ने घटना घट्यो आगामी दिनहरुमा यो घटना नघटाउनको लागि र यस्तो घटना नघटोस् भन्नका लागि सबै ठाउँमा यो वारुणयन्त्र र दमकलको चाहिँ व्यवस्था हुनुपऱ्यो।अब बेसीशहरको साँघुरो बाटो ठूलो दमकल आउन तीन घण्टा लाग्यो, नारायणगढको साँगरो बाटो गाडीहरुको चापले गर्दा तीन घण्टा लाग्यो उहाँहरुको दुःख पनि गयो यहाँ पनि भनेजति राहत पाउन सकिएन त्यसैले एउटा प्रदेश सरकारको नीतिमा हुन्छ कि स्थानीय सरकारको नीतिमा हुन्छ यो चाहिँ हामीले तत्काल यो व्यवस्था गर्नुपर्छ

भन्ने म माननीय प्रदेश प्रमुख मार्फत यो पनि जानकारीका साथ अनुरोध गर्न चाहन्छु र यो कुरा प्रदेश सरकारलाई थाहा छ तैपनि फेरि पनि मैले पुन माननीय सभामुख मार्फत प्रदेश सरकारलाई यो स्मरण गराउन चाहें ।धन्यवाद । जयनेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्य श्री आशा कोइराला, समय ७ मिनेट ।

**माननीय सदस्य श्री आशा कोइराला (ने.क.पा. माओवादी केन्द्र)-** माननीय सभामुख महोदय, सबैभन्दा पहिला दमौलीमा अस्ति भर्खरै भएको आगलागीको घटना असाध्यै गम्भीर भएर आयो।त्यो आगलागीको घटनाबाट हामीले धेरै नै पाठ सिक्नुपर्ने भएको छ त्यसकारण त्यो आगलागीको घटनाको प्रदेश सरकारले अध्ययन गरोस्, गहिरोसँग अध्ययन गरेर आगलागीको कारण सहित ती आगलागीबाट पिडित भएका प्रभावित भएका सबैलाई उचित राहत र क्षतिपूर्तिको प्रबन्ध गर्दै आगलागी लगायत अन्य विभिन्न किसिमका विपद्का घटनाहरु हामीमा आइरहेका छन् ती सबै विपद्को पूर्व तयारीको लागि सरकारले बिशेष जोड दियोस् म सरकारसँग आग्रह गर्न चाहन्छु।

दोस्रो कुरा, सभामुख महोदय, हामीले दमौलीको आगलागीको घटना त भर्खर सुन्यौं, अहिले भर्खरै भयो, यहि भर्खरै मात्र बितेको बर्षामा जेठ, असार, साउन, भदौमा धेरै ठूलो बाढी पहिरो आयो।बाढी पहिरोमा थुप्रै क्षतिहरु भए। जनधनको थुप्रै क्षति भयो, हाम्रा विकासका संरचनाहरु धेरै बिग्रिए, ती सबै संरचनाहरुको पुन निर्माण गर्ने, पिडितहरुलाई क्षतिपूर्ति दिने, राहत दिने सरकारले सबै योजनाहरु बनायो तर मलाई आजसम्म पनि सरकारसँग प्रश्न गर्न मन लागिरहेको छ । तल सम्बन्धित उपभोक्ताहरुले उपभोक्ता समिति मार्फत वडा देखि, पालिका देखि, जिल्लाको विपद् व्यवस्थापन समितिमा निर्णय गरेर जिल्ला प्रशासन कार्यालय मार्फत प्रदेश सरकारमा बुझाएको, प्रदेश सरकारको पनि विपद् व्यवस्थापन समिति र सम्बन्धित मन्त्रालयहरु र मुख्यमन्त्री कार्यालयमा बुझाएका कुनैपनि फाइलहरु कहाँ कहाँ कति बजेट परे मलाई थाहा भएन त्यो बाढी पहिरो लगायतका क्षतिहरुको संरचना र व्यक्तिहरुलाई राहत दिने र त्यस्को निर्माण गर्ने कुरामा सरकारले निर्वाचन क्षेत्र नं २ (१) तनहुँमा कुनैपनि कामहरु गर्न सकेको छैन । बजेट विनियोजन भएन कि या त्यो निर्वाचन क्षेत्रमा मात्रै गरीएन ? कहाँ कहाँ कसरी बजेट विनियोजन गरीयो ? के को आधारमा गरीयो ? त्यस्को फेहरिस्त मलाई चाहिँ सरकारबाट

जवाफ चाहियो। अर्को कुरा हामीले असाध्यै गर्वका साथ आर्थिक बर्ष २०७७/७८, २०७८/७९ को बजेट बनायौं। बजेट बनाउने असाध्यै समय त्यस्तै थियो । असाध्यै क्रिटिकल परिवेशमा हामीले बजेट बनायौं केही अपुगताहरु, कमजोरीहरु भए होलान्। त्यसमा छन् म त्यो सरकारको मर्म राम्रोसँग बुझ्छु तर प्रदेश सरकारले बार्षिक विकास कार्यक्रममा समावेश गरेका योजनाहरु कार्यान्वयनमा सबै योजनाहरु जान सकेनन त्यसमा पनि मोटरेवल पुलहरु र ठूला योजनाहरु कार्यान्वयनमा गएनन् । म आज सरकारसँग यो प्रश्न गर्न चाहन्छु, मोटरेवल पुलहरु लगभग मेरो निर्वाचन क्षेत्रमा मात्रै तीन वटा मोटरेवल पुल लगातार पर्दै आए तर तीनै बर्ष चाहिँ टेण्डर भएनन् यसपालीको बजेटमा फेरिपनि किन यो मोटरेवल पुलको काम किन अगाडि बढेन भनेर म अहिले सरकारका प्रतिनिधिहरुसँग छलफल गरें, कुराकानी गरें वहाँहरुले जवाफ दिनुभयो यो मोटरेवल पुलको टेण्डर गर्नको लागि अथवा यसलाई प्रक्रियामा लैजानको लागि बीस प्रतिशत रकम आवश्यक पर्छ, बीस प्रतिशत रकम विना हामीले टेण्डर गर्न सक्दैनौं र समग्र स्रोतको सुनिश्चितता हुनुपर्छ भनेर जवाफ दिनुभयो। मैले त्यो कुरा ग्रहण गरें ठिकै छ त्यसोभए सबै पुलको टेण्डर गर्न सकिन्न होला अहिले छत्तिस, सैंतिसवटा पुलहरु हाम्रो पूर्वाधार मन्त्रालयले चाहिँ टेण्डर गर्नुपर्ने छ कुनैपनि पुल टेण्डर गर्न नसक्ने अवस्थामा हामी पुग्यौं भनेर वहाँहरुले भन्नुभयो त्यसपछि त्यसोभए के जतिलाई पुग्छ सबै पुलहरुबाट चाहिँ बजेट संकलन गरेर जतिवटा पुलको टेण्डर गर्न सकिन्छ त्यतिवटा पुलको टेण्डर गरौं न त भनेर मैले पनि सुझाव दिएँ त्यसपछि अहिले मैले सुनिरहेको छु त्यो सम्भव भएन पुलहरुको टेण्डर गर्न सम्भव भएन कारण बजेट अपुग भयो तर मैले भर्खरै मात्र सुनिरहेको छु सत्र करोड रुपैयाँ विनियोजन गरेर साना साना टुक्रे योजनामा २ लाख, ३ लाख, ४ लाख का योजनाहरुमा सत्र करोड रुपैयाँ विनियोजन गरीएको छ। त्यो सत्र करोड रुपैयाँ, त्यो टुक्रे नयाँ योजनामा हाल्नको लागि पैसा हुने, बार्षिक कार्यक्रममा परेको मोटरेवल पुलको टेण्डर गर्नको लागि बजेट नहुनुको कारण के हो ? म सरकारसँग उत्तर पनि चाहन्छु र अर्को कुरा के भन्न चाहन्छु भने तत्काल त्यो सत्र करोडको योजना खारेज गरेर सत्र करोडलाई सबै पुलहरुको टेण्डर गर्नको लागि बीस प्रतिशत रकम पुग्छ सबै पुलहरुको टेण्डर गरीयोस्। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्य श्री खिम विक्रम शाही, समय ५ मिनेट ।

**माननीय सदस्य श्री खिम विक्रम शाहीः-** माननीय सभामुखज्यू, गत कार्तिक १ गतेको अविरल बर्षाको कारणले बागलुङ जिल्लाको तमानखोला गाउँपालिका कहटिने गाउँ, मुठाचौर गाउँ र ढोरपाटन नगरपालिकाको वडा नं ६ छ्यानटुङ ढोरपाटनमा बालीनालीमा क्षति गरेको छ र बर्षातका कारणले बाढीले छ्यानटुङ ढोरपाटनको भण्डारी गाउँमा खोलाले बाटो चेन्ज गरेर बस्तीमा पस्न खोजिरहेको अवस्था छ र बस्तीहरु चाहिँ जोखिममा परेको छ । त्यसैले ती बस्तीहरुमा तत्कालै सम्बन्धित मन्त्रालयबाट स्थलगत निरिक्षण गरी तत्काल त्यसलाई त्यस्को तटबन्धको व्यवस्था मिलाइदिनुहन म अनुरोध गर्छु साथै त्यही छ्यानटुङ गाउँ जो ढोरपाटनमा पर्छ र म्याग्दी जिल्लाको धौलागिरी गाउँपालिकासँग जोडिएको छ त्यो गाउँ हामीले यहाँ कुरा गरीरहन्छौं अघिल्लो सरकार र अहिले चलिरहेको सरकारले पनि उज्यालो प्रदेश भनेर गफ गरेकाछौं र उज्यालो प्रदेश घोषणा गर्नको लागि अब हामी तयार छौं भनेर पनि भनिरहेको अवस्था छ कि यो गाउँमा छ्यानटुङ भन्ने गाउँमा करिब दुई सय भन्दा धेरै घरधुरीहरु रहेका छन् त्यहाँ अहिलेसम्म बिजुली पुगेको छैन टुकी बाल्न बाध्य छन्, दियालो बाल्न बाध्य छन् त्यसकारणले गर्दा तत्कालै त्यो ठाउँमा ढोरपाटन नगरपालिकाको वडा नं ६, छ्यानटुङमा सम्बन्धित मन्त्रालयबाट उज्यालो कार्यक्रम तत्काल सुचारु गर्नको लगि त्यसलाई पनि स्थलगत निरिक्षण गरी व्यवस्था गरीदिनुहुन म सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्छु र हामीले यहाँ माननीयज्यूहरुले थुप्रै कुरा गरीसक्नु भएकोछ हिजो र आज पनि र यो अहिलेको गठबन्धन सरकारले एमसीसीलाई देश र जनताको राष्ट्रघाती एमसीसीलाई पारित गर्ने काम गऱ्यो यो राष्ट्रघात गऱ्यो, यो राष्ट्रघात नै हो यो खारेज गर्नुपर्छ भनेर हामीले भनिसकेकाछौं, भनराखेकाछौं, भनिराख्नेछौं र त्यसमा पनि फेरि प्रतिपक्षले विभिन्न आफ्ना मागहरु राखेर सदन अवरोध गरेकोछ।जनताका समस्यालाई बोल्ने ठाउँ, सार्वभौम ठाउँमा बोल्न दिइराखेको छैन जनप्रतिनिधिहरुलाई भने घुमाउरो पाराले यो एमसीसी खारेज हो कि एमसीसी समर्थन हो कि केही बोल्न सकेको छैन, न यता न उता त्यसकारणले गर्दा हामीलाई राष्ट्रिय जनमोर्चालाई गठबन्धनको सरकारमा बसिरहने राष्ट्रघात पनि भन्ने भनेर जुन कुरा गरीराखिएको छ।राष्ट्रघात र अहिलेको सरकार एउटै बिषयवस्तु होइन। सरकारमा गठबन्धन सरकारमा हामी समावेश भएको छुट्टै उद्देश्य साथ भएकोछ ती उद्देश्य पुरा हुन सकेको छैन। त्यसले गर्दाखेरि त्यसलाई हामीले समर्थन गरीराखेकाछौं।

हिजो बिहान अहिलेको प्रतिपक्ष दलले पनि राजावादीलाई प्रधानमन्त्री बनाएर समर्थन गरेर बसेको हैन ? अनि सबै उद्देश्य मिल्ने भयो भने समर्थन गर्ने उद्देश्य नमिल्ने हो भने समर्थन नगर्ने हुन्छ। गठबन्धन सरकार भनेकै निश्चित उद्देश्यका साथ त्यसलाई समर्थन गरीन्छ र हाम्रो पार्टीले राष्ट्रिय जनमोर्चाले अहिलेको गठबन्धन सरकारलाई गुण र दोषको आधारमा समर्थन गरेको छ र यसलाई हामी आलोचनात्मक समर्थन पनि भन्ने गर्छौं। त्यसैले यहि कुरा म सम्पूर्ण माननीयज्यूहरुलाई सदन मार्फत जानकारी गराउनको लागि म अनुरोध गर्छु। धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्य श्री राम बहादुर गुरुङ, समय ६ मिनेट ।

**माननीय सदस्य श्री राम बहादुर गुरुङः-** माननीय सभामुखज्यू, मेरो क्षेत्र नं मेरो निर्वाचन क्षेत्र नं तनहुँ निर्वाचन क्षेत्र नं १ (क) को मिति २०७८ फागुन २२ गते व्यास नगरपालिका वडा नं ४ मा दमौली बजारमा अचानक भिषण आगलागी परि करोडौं व्यापार केन्द्र र सर्वसाधारणको घर जनताको घर क्षति हुन गएको कुरा सम्माननीय सभामुख महोदय मार्फत सरकार र सदनलाई जानकारी गराउन चाहन्छु, ध्यान आकर्षण गर्न चाहन्छु। हाम्रो देश नेपाल जोखिम हिसाबले अत्यन्त जोखिमपूर्ण मुलुक हो त्यसकारणले बर्षाको समयमा बाढी पहिरोको जोखिम, आगलागीको जोखिम, भुकम्पको जोखिम यी सबै जोखिमका लागि रोकथाम र उद्धार गर्नको निमित्त प्रदेश सरकारले उद्धारको नीति बनाउन एउटा संयन्त्र नै बनाउनुपर्ने रहेकोमा म प्रदेश सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु। हामीले जोखिम उद्धारका लागि के के गर्ने भन्ने केहि बुँदाहरु म यहाँ राख्न चाहन्छु।

प्रदेश सरकार मार्फत आगलागी नियन्त्रण गर्ने प्रविधि र उपकरण व्यवस्थापन हरेक गाउँपालिका र नगरपालिकाको लागि छुट्टै व्यवस्था गर्नुपर्ने।

आगलागी जनप्रतिनिधिको हानाथाप र राजनीति गर्दा उद्धारको लागि आउने हेलिकप्टर र ढिलाई भएको प्रति खेद प्रकट गर्दछु र जनताको जीउ धनलाई मुख्य प्राथमिकतामा राख्न म आग्रह गर्न चाहन्छु।

आगलागीको घटनाबाट भएको क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराइदिनुहुन प्रदेश सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु।

आगलागी नियन्त्रणका लागि ज्यानको बाजी थापी खट्नुहुने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरी र चालक र स्थानीय बासिन्दा र सर्वसाधारणहरु प्रति म हार्दिक धन्यावाद दिन चाहन्छु र आज यो नवौं अधिवेशन, नवौं अधिवेशनको पनि यो भव्य र सभ्यसँग यो सफल होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्य श्री विनोद के.सी., समय ५ मिनेट ।

**माननीय सदस्य श्री विनोद के.सी.ः-** सभामुख महोदय, धेरै लामो समय पछि हाम्रो यो अधिवेशन शुरु भएको चाहिँ छ र यसमा जनताका प्रत्यक्ष कुराहरु हामीले यस सदनबाट सरकारलाई ध्यानाकर्षण गराउने एउटा अवसर पाएका चाहिँ छौं तथापी म यतिमात्र भन्न चाहन्छु कि यो सरकार बिशिष्ट परिवेशमा बन्यो जुन सरकारको काम भनेको के.पी. ओलीको केन्द्रीय सरकारको के.पी. ओलीले चालेको चाहिँ एउटा प्रतिगामी कदमको विरुद्धमा यो सरकार बन्न पुग्यो र यो सरकारले बिशिष्ट अवस्थामा आफना कामहरु बनाउने र त्यसै सरकारको आधारमा प्रदेशमा पनि त्यही खालको चाहिँ सरकार बन्न पुग्यो।यसको काम भनेको बिशेष गरी संविधानलाई एउटा के.पी. ओलीले मिचेर चाहिँ अगाडि बढेको संविधानलाई एउटा संविधान ट्र्याकमा ल्याउने र फेरि यो संविधान सम्बद्ध यो व्यवस्थालाई सुचारु गर्ने तरिकाले यो सरकारको जिम्मा आएको हो त्यसैमा यो सरकारले अहिले स्थानीय तहको आम निर्वाचनको चुनाव अगाडि सारेको चाहिँ छ त्यस्तै सङ्घ र प्रदेशको चुनाव पनि अगाडि बढाउने चाहिँ छ त्यसैगरी त्यसैको आधारमा जो प्रतिगमनको पक्षमा तत्कालिन ठूलो दल नेकपा एमालेको यहाँको दल पनि त्यो पक्षमा लागेको हुनाले हाम्रो संसदीय दल माओवादी केन्द्रले त्यसलाई समर्थन गर्न नसकेको कारणले हामी प्रतिपक्षमा रहेर त्यसको गतिविधिको विरुद्धमा चाहिँ यो सरकारलाई हामी समर्थन गर्न पुग्यौं तथापी यो सरकार प्रति पनि हामीले विभिन्न खालका चाहिँ हाम्रो शुभेच्छाहरु विभिन्न अपेक्षाहरु हाम्रा चाहिँ छँदैछन् त्यसमा बिशेष गरी पहिलो चाहिँ सरकारले लिएका नीति तथा कार्यक्रमहरुमा राम्रा कामहरुलाई यसले निरन्तरता दिनुपर्छ र ती चाहिँ विगतका कामहरुको श्रेय हामी पनि हो हामी पनि सरकारमा रहेथ्यौं ती कामलाई निरन्तरता दिनुपर्छ भन्ने हाम्रो स्पष्ट बुझाई छ त्यसमा बिशेष गरी पहिलो सरकारमा रहेको एक निर्वाचन क्षेत्र एक सडक जुन खालको पहिलो सरकारले लिएको

नीति तथा कार्यक्रम थियो त्यसमा म्याग्दी जिल्लाको निर्वाचन क्षेत्र नं (क) मा रहेको गलेश्वर-पिप्ले-भगवती-वेग जुन सडक चाहिँ थियो जुन सडक अहिले अवरुद्ध बनेको चाहिँ छ हिजो जनताहरुले आँफूहरु कृषि सडकको रुपमा प्रयोग गरेर आँफै चाहिँ खनेको बाटो हो आज प्रदेश सरकारले जिम्मा लिएर अबको चार बर्षमा एउटा गति लिनेछ भन्ने चाहिँ जनताले अपेक्षा लिएको तर अहिले बर्षामा आउँदा बर्षाको हिलोले चाहिँ हिड्न नसक्ने र अहिले हिउँद आउँदा धुलोले चाहिँ हिड्न नसक्ने अवस्था चाहिँ छ त्यहाँका चाहिँ मजदुरहरु अलपत्र परेका चाहिँ छन्, त्यहाँको निर्माण व्यवसायी कता भागेर गएको चाहिँ छ, कुनै कामको गतिविधि भएको चाहिँ छैन र मैले बारम्बार चाहिँ सम्बन्धित कार्यालय सचिवहरु मार्फत पनि मैले ध्यानाकर्षण गराएको चाहिँ छु आज आम जनताहरु त्यो डेलिगेशनको रुपमा कार्यालय चाहिँ म्याग्दीको आफ्नो चाहिँ त्यो भौतिक पूर्वाधारको कार्यालयमा पुगेका चाहिँ छन्, उस्ले पनि स्पष्ट काम अगाडि बढाउन सकेको चाहिँ छैन त्यस ठाउँमा तत्काल चाहिँ सरकारको ध्यानाकर्षण होस् र त्यो काम चाहिँ तत्काल सुचारु होस् जसको समय चाहिँ अब जम्मा दुई महिना भन्दा बाँकी चाहिँ छैन यसको चाहिँ कामको प्रगति हेर्‍यो भने पचास प्रतिशत पनि अगाडि बढिसकेको छैन। त्यसमा यो सरकारले चाहिँ टड्कारो लियोस् भन्ने अनुरोध गर्न चाहेँ र त्यसै गरी म्याग्दी जिल्लामा रहेको म्याग्दी सिङ्ग तथा आङ्गेबगर भन्ने ठाउँमा मोटरेवल  पुल चाहिँ २०७५ सालमा चाहिँ २०७५ को नीति कार्यक्रममा पहिलो सरकारले कार्यक्रम अगाडि बढाएको, पहिलो बर्ष पचास लाख दोस्रो बर्ष पचहत्तर लाख गरी कार्यक्रम अगाडि बढाएको तीन बर्षमा त्यो पचास लाख रुपैयाँ कहाँ गयो त्यो पचहत्तर लाख रुपैयाँ कहाँ गयो अहिले त्यहाँ डीपीआर पनि छैन, कुनै यो टेण्डर पनि निस्केको छैन तर अहिले त्यहाँ रकम भएको नभएको कुनै जानकारी पनि हुँदैन अहिले विभिन्न खालका रकमहरु रकमान्तर भयो भन्ने सुनिन्छ यो दुखद कुरा हो किनभने सरकारले ल्याएका विगतका चाहिँ कामहरुलाई निरन्तरता दिनमा यो सरकारले स्पष्ट धारणा अगाडि बढोस् भन्ने चाहिँ यो सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु र त्यसैगरी अबको समय भनेको दुई तीन महिना पछि अब आम निर्वाचनको तयारी हुँदैछ हामी चाहिँ माओवादी केन्द्रको पुरा पार्टीको तर्फबाट हामी के स्पष्ट चाहिँ छौं भने किनभने हामी कुनै ढुलमुले छैनौं एमसीसीको बारेमा अझै कहिंकतै माननीयज्यूहरुले चाहिँ अस्पष्टता भयो हिजो विरोध गर्नुभयो भन्नुभयो त्यसमा चाहिँ माओवादी केन्द्रको स्पष्ट कुरा के चाहिँ

छ भने माओवादी केन्द्रले त्यो चाहिँ एमसीसीलाई संशोधन सहित पास गर्ने आफ्नो धारणा चाहिँ थियो त्यसमा संसदमा चाहिँ आफ्नो चाहिँ कुरा स्पष्ट राखेको चाहिँ छ बरु प्रतिपक्ष चाहिँ दलले कता स्पष्ट गर्‍यो पक्षमा हाल्यो कि विपक्षमा हाल्यो हामी स्पष्ट हुन सकेनौं बरु त्यस्तो कुरा हामी चाहिँ चाहन्छौं फेरि यो जनतामा जाने कुरा चाहिँ प्रतिपक्ष दलले गर्नुभएको चाहिँ छ र यो सरकारले जनतामा जाने त चुनाव घोषणा गरीसकेको चाहिँ छ त्यसमा जानलाई हामी कहिंकतै चुक्नुपर्छ जस्तो मलाई लाग्दैन अहिले हेर्‍यो भने सरकारमा रहेर सरकारको चाहिँ आफ्नो चाहिँ सरकार भङ्ग गर्ने, संसदै भङ्ग गर्ने, सदन भयो भने सदन चल्न नदिने, जनताको आवाज बोल्न नदिने फेरी उसैले जनताको कुरा गर्ने कहाँसम्मको न्यायोचित हुन्छ। कहाँ तक को त्यो हुन्छ। आम जनताले हेरिराखेका चाहिँ छन्। त्यसको परिणाम पनि आम जनताले दिने नै छन् भन्ने विश्वास राख्दै यी कुराहरु मैले सरकारलाई म बिशेष ध्यान आकर्षण गर्छु। धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्य श्री जुना देवी नेपाली, समय ७ मिनेट ।

**माननीय सदस्य श्री जुना देवी नेपालीः-** माननीय सभामुखज्यू, सर्वप्रथम यो नवौं अधिवेशनको सफलताको शुभकामना, ढिलै भएपनि एउटा उखान छ केरा पाकेको बेलामा को आउँदैनन् को आको बेलामा पाक्दैन भनेजस्तै ढिलै भएपनि म यो महिला दिवसको सन्दर्भमा ११२औं अन्तराष्ट्रिय महिला दिवस मार्च ८, यो सामाजिक न्याय र लैङ्गिक समानता दिगो विकासको सुनिश्चितता मुल नाराका साथ सम्पूर्ण प्रदेशबासी, देशबासीका नाममा सबैमा शुभकामना व्यक्त गर्दछु म । ११२औं अन्तराष्ट्रिय महिला दिवस ८ मार्च महिला विरुद्ध हुने अपमान, हिंसा, दुर्व्यवहार, असमानता बारे प्रतिवाद गर्न र गराउन जागरुक भैरहेको अवस्था छ। महिलाले आफ्नो आर्थिक, राजनीतिक, सामाजिक, साँस्कृतिक लगायतका अधिकार सुनिश्चितका लागि अन्तराष्ट्रिय रुपमै सङ्घर्ष गरेको एक शताब्दी भैसक्यो, विश्व औद्योगिक सँगै सङ्घर्ष गरेर समानता, सामाजिक न्याय, स्वतन्त्रता, महिला हक हितका आवाज अन्तराष्ट्रिय महिला आन्दोलनको शुरुआत हुँदै आएको पाइन्छ । सन १९०० को प्रारम्भ सँगै अन्तराष्ट्रिय महिला दिवस मनाउने गरीएको देखिन्छ । अमेरकाको न्यूयोर्क गार्मेन्टमा मजदुर महिलाको अगुवाईमा उचित ज्याला, काम गर्ने समय र मतदान गर्न पाउनुपर्ने अधिकारका माग राखेर महिलाहरु सडकमा उत्रिएका

थिए। उन्नाइसौं शताब्दी देखि शुरु भएको महिला आन्दोलन विभिन्न समयमा सङ्घर्षका वावजुद थुप्रै उपलब्धिहरु हात परिरहेको अवस्था छ र आज महिला मुक्तिका नारा लगाउँदै गोष्ठी सेमिनार, महिला अभियान जस्ता कार्यक्रमहरु आयोजना भैरहँदा विपन्न वर्गका, दलित, गरीब महिलाहरुले भने अपमान, तिरस्कार, गालीगलौज, कुटपिट, घरेलु हिंसा, बोक्सीको आरोप, जबर्जस्ती करणी, जातिय विभेद, हिंसाको शिकार परिरहेको वर्तमान अवस्था छ। एक्काइसौं शताब्दीमा आइपुग्दा पनि लिङ्ग र जातियताको आधारमा दोहोरो तेहोरो शोषणमा परिरहेको अवस्था छ र यो सन्दर्भमा आजसम्म आइपुग्दा राजनीतिमा दलित महिलाहरुको सहभागिता पनि हामी पाउँछौं। नयाँ संविधान निर्माण पछि राज्यका स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्वको कानूनी व्यवस्था भएपछि दलित महिलाले विकासको अवसर पाउन थालेका छन्। अवसरको पनि थाहा पाउन थालेका छन्। राज्यसत्तामा दलित महिलाको नीतिगत व्यवस्था पछि बल्ल उनीहरुको सहभागिता हुन थालेको छ। महिला आन्दोलन भित्रपनि दलित महिलाको अधिकारलाई बिशेष ढंगले लिइनुपर्दछ। महिला अधिकारको कुरा गर्दा गर्दा विपन्न दलित ग्रामिण भेगका महिलाको सहभागितालाई पनि ध्यान दिन जरुरी छ। २०७२ सालमा नयाँ संविधान जारी भएपछि प्रतिनिधित्व हुन पाएका छन्। वडा सदस्य ६ हजार ६ सय ८२ जना स्थानीय तहमा मात्रै होइन प्रदेश सभामा २८ जना तथा सङ्घीय संसदमा १३ जना दलित महिला छन् । पाँच बर्षको कार्यकालमा राजनीति के रहेछ, नीति निर्माणको तहमा कसरी काम गर्ने रहेछ, राज्यको स्रोत साधन र बजेटको बाँडफाड आदि जान्ने अवसर त पाए तर आफ्नो समुदायको आवाज बुलन्द गर्दै राज्यलाई सुनाउने अवसर त पाइयो, आफनो समुदायको हक हित हुने बिषयमा कति बजेट छुट्टियो, छुट्याउन सफल भइयो र कति कानून निर्माण भए, बनाउन सफल भइयो भन्ने कुरामा यो गरीमामय सदन मलाई लाग्छ अनभिज्ञ हुनुहुन्न, छैन र मैले भनिरहनु पर्छ जस्तो पनि लाग्दैन। आजभोली यत्रतत्र सर्वत्र मेरो कानले सुन्ने गरेको छ, संविधानको मौलिक हक कार्यान्वयनमा सरकारको ध्यान गैरहेको छ अनुभूति भैरहेको छैन। एउटा नेपाली उखान छ यो केलाई औषधी हुँदैन भनेजस्तै हो अन्धविश्वास र रुढिवादीका कारण उत्तरदायी र जवाफदेही नहुने बढ्दै गैरहेको छ। दिनको लागि ओठे जवाफ दिने तर जवाफदेही बन्नु नपर्ने अवस्था बढ्दै गैरहेको छ, यो सकारात्मक सन्देश होइन। व्यवस्था परिवर्तन भयो, व्यवहार परिवर्तन

भएन, विभिन्न विज्ञहरु कानून विज्ञ अर्थ विज्ञ देखि लिएर थुप्रै विज्ञहरुको ध्यान चाहिँ दलित, गरीब, विपन्न तर्फ ध्यान कहिल्यै पनि गएन यी बिषयहरु प्राथमिकतामा परेनन्, दलित र महिला अधिकार स्थापित गर्न सोचाई सँगै नेतृत्वमा जवाफदेहिता चाहिन्छ। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यका साथ आगामी दिनमा औपचारिकतामा मात्रै होइन व्यवहारिक समन्वय, सहकार्यका साथ अगाडि बढ्न आवश्यक देखिन्छ। महिला दलित हक हित सम्बन्धी राज्य सरकार संवेदनशिल बन्न आवश्यक देखिन्छ। हिजोका रोलमोडलहरुलाई मात्र देखाउने र उनीहरुको सहभागिता, समावेशिता देखाएर मात्र मिल्दैन र यो अर्थपूर्ण र नैतिक सहभागिता, समानता तिर ध्यान दिन आवश्यक छ। म किन यो रोल मोडलको कुरा उठाइरहेको छु भने जस्तै एउटा सर्वोच्च अदालत तिर फर्केर हामी हेऱ्यौं भनेपनि एकपटक महिला एकजना मात्रै प्रधानन्यायधिश भैरहेको अवस्था छ अन्यथा हामी महिलाको उपस्थिति देख्दैनौं त्यसैलाई सधैं हामी प्रधानन्यायधिश त बनायौं नि महिला पनि भन्ने गरेको पाइन्छ र थुप्रै कुराहरु अदालतमा महिला न्यायधिशहरु पनि हामी एकदम कम पाउछौं र दलित न्यायधिश त झन औंलामा गन्नै मुश्किल गाह्रो छ। म चाहिँ प्रदेश सरकार, प्रदेश सभा मार्फत प्रदेश सरकार मार्फत सम्बन्धित यस्ता निकायहरुमा नियुक्ति गर्ने क्रममा समयमै यो समावेशिता, दलित महिलाहरुको प्रतिनिधित्वको सवालमा, सहभागिताको सवालमा ध्यान जान जरुरी देखिन्छ किनकी निकट केहि दिनमै जिल्ला न्यायधिशहरु नियुक्ति हुने क्रममा पनि छ, यो सन्दर्भमा कति महिला न्यायधिशहरु हामी देख्न पाउछौं र कति दलित न्यायधिशहरु देख्न पाउछौं आशा छ देख्न पाइनेछ मलाई आशा लाग्छ **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** यति भन्दै म पुन यो अन्तराष्ट्रिय महिला दिवसको सन्दर्भमा सम्पूर्णमा शुभकामना व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्दछु। धन्यवाद । नमस्कार ।

**माननीय सभामुखः-** माननीय सदस्य श्री राजिव पहारी, समय ७ मिनेट ।

**माननीय सदस्य श्री राजिव पहारीः-** माननीय सभामुख महोदय, पूर्ववक्ता माननीयज्यूहरुले बस्ती र टोलमा आगलागी भएको बिषयमा गम्भीरतापूर्वक कुरा उठाउनुभएको छ तर सभामुख महोदय, यहाँ बस्ती र टोलमा मात्र होइन सिङ्गो मुलुकमा आगो मात्रै लागिरहेको होइन डढेलो लागिरहेको छ । भ्रष्टाचारको डढेलो लागेको छ, कुशासनको डढेलो लागेको

छ, तपाईं विकृति र विसंगतिको डढेलो लागेको छ, मुल्यवृद्धिको डढेलो लागेको छ, यो मैले भनिरहेको होइन सभामुख महोदय, तथ्याङ्कले त्यो भन्छ। हिजो के.पी. ओली प्रधानमन्त्री हुँदा मुलुकको व्यापार घाटा ६.३ प्रतिशतले घटेको थियो, निर्यात ७ प्रतिशतले वृद्धि भएको थियो, आर्थिक वृद्धिदर लगातार तीन बर्षसम्म ७ प्रतिशत भन्दा माथि थियो, संयुक्त राष्ट्रसङ्घको सूचक १४ वटा सुचकाङ्कमा नेपालको स्थिति अत्यन्त माथि थियो तर आज आँफुलाई अग्रगामी, क्रान्तिकारी, प्रतिगमन विरोधी यो गठबन्धन भन्ने कि गठजोड भन्ने कि गडबडी सरकार भन्ने शेर बहादुर देउवाको नेतृत्वमा सरकार बनेको नौ महिनामा मुल्यवृद्धि ११ प्रतिशतले बढेको छ, रेमिटेन्स ६.६८ प्रतिशतले घटेको छ, भ्रष्टाचारमा १४७ नम्वरमा आइएको छ, ऋण कर्जा ११ प्रतिशत भन्दा बढि छ, १५० अर्ब विदेशी मुद्रा सञ्चिति घटेको छ । राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले पटक पटक सूचित गरीसक्नु भएको छ, अब मुलुकको अर्थतन्त्र टाट पल्टने अवस्थामा छ भनेर तर रोम जलिरहेको बेला निरोमले बाँसुरी बजाएको जस्तो गरेर जिम्मेवार पदमा बसेका व्यक्तित्वहरुलाई कुनै मतलव छैन बेखबर भैरहेको अवस्था छ । म सभामुख महोदय मार्फत सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। सङ्घीयता त जनताको सुख, सुबिधा र देशको समृद्धिको लागि हुनुपर्ने हो तर यहाँ त नेताहरुको व्यवस्थापनको लागि भैरहेको छ। अहिलेको जम्बो मन्त्रिपरिषद गठन गर्नु गठबन्धनको बाध्यता होला तर देश र जनताको लागि भार पार्ने बाहेक केहि काम होइन। हिजो यहि प्रदेशमा पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सात जनाको चाहिँ मन्त्रीमण्डलले काम चलाएको थियो त्यो चलाउँदा के के कामहरु गरीरहेको थियो त्यो भनिरहन पर्दैन यता प्रतिपक्षमा भएका माननीयहरुले सम्झाइरहन पर्दैन, सत्तापक्षकै माननीयहरुले भनिरहनु भएको छ तर आज विकास निर्माणलाई ठप्प पार्ने काम गरीएको छ। दश करोड छुट्याएर काम करिब करिब सम्पन्न हुन लागेको ठाउँमा अहिलेको सरकारले एक लाख रुपैयाँ छुट्याएको छ। छुट्याएको छैन भने छुट्याएको छ, छुट्याएको छ भनौं भने त्यो एक लाखले के पुग्ने, सरकार पचास हजार र एक लाख रुपैयाँ बाँड्नै व्यस्त छ यसरी के हामीले प्रदेशलाई समृद्ध प्रदेश बनाउन सक्छौं ? विकसित प्रदेश बनाउन सक्छौं ? अनि मैले यो किताब एक चोटी होइन चार चोटी अध्ययन गरें सभामुख महोदय, गण्डकी प्रदेश सरकारका चार बर्ष यो चार बर्षमा यो सरकार अहिले माननीय कृष्ण चन्द्र नेपाली पोखरेलको नेतृत्वमा यो

सरकार बनेको नौ महिना भयो, नौ महिनामा देखिन लायक एउटा काम म पनि प्रशंसा गर्छु, रक्तदाताहरुलाई निशुल्क गर्ने काम जुन गरेको छ त्यो बाहेक अरु परिणाममुखी काम देखाउँ त सभामुख महोदय, यहाँ त सबै हिजोको पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सरकारले गरेका कामहरुलाई राखेर त्यस्लाई पुरै पेष्ट गरेर यो ल्याइएको छ । अहिले नौ महिनामा यो सरकारले गर्व गर्ने लायक नौ वटा काम देखाओस् सभामुख महोदय, म, यो प्रदेश सभाबाट चुनौती दिन चाहन्छु यो सरकारलाई, नौ वटा काम देखाओस् जुन कामको हामीले प्रशंसा गर्न पाउँ, हामीले बोल्न पाउँ । हुनत म त दङ्ग खाएको छु सभामुख महोदय अस्ति सङ्घीय संसदमा एकजना आँफुलाई चर्चित युवानेता भन्ने साँसदको भाषण सुनें, अमेरकासँग ६० अरब मागियो अब चीन सित ७० अरब मागौं, भारत सित ८० अरब मागौं, भीख मागौं अनि देश चलाउँ भनेर टोकरी थापेर देश चलाउनु पर्छ भनेर एकजना आँफुलाई एकदम चर्चित साँसद भन्ने मैले नाम बिर्से वहाँले बोल्दै हुनुहुन्थ्यो सभामुख महोदय, के भीख मागेर देश चल्छ ? उत्पादन बढाउँ, उत्पादकत्व वृद्धि गरौं, भ्रष्टाचारको अन्त्य गरौं, सुशासन बढाउँ, रोजगारी अगाडि बढाउँ भन्ने हो कि भिख मागौं, भिख मागौं, अरब पैसा मागौं र देश चलाउँ भन्ने सोच जबसम्म यो मगन्ते सोच रहन्छ तबसम्म चाहिँ देश विकास हुन सक्दैन सभामुख महोदय। अब मैले यहाँ हेरें हुनत अब यो खुर्सानीको बीउ रोपेर सुन्तलाको फलको आशा गर्नु गर्नै सकिंदैन। माननीयज्यूहरुले जति भन्नुहोस भोलि पनि हामी हेर्छौं हामी प्रतिपक्षमा ढुक्कले बस्न तयार छौं, राम्रो कामको हामी प्रशंसा गर्छौं अघि भने मैले रगतमा निशुल्क गर्ने काम गर्नुभयो हामी प्रशंसै गर्छौं, त्यस्तो प्रशंसा योग्य काम गर्नुपर्‍यो, खोइ कहाँ के छ ? हरेक ठाउँ ठप्प छ। अहिले त यहाँ पोखरामा यसै जाम बढेको बढ्यै थियो अहिले बाह्र, तेह्र जना मन्त्रीज्यू आउनुहुन्छ, मन्त्रीज्यूहरुको गाडी गाडीले गर्दा पनि यहाँ जाम अझ बढिरहेको अवस्था छ। हामीले यो तिर पनि हामीले चाहिँ गम्भीर हुने कि नहुने ? हामी प्रदेशको समृद्धिको निम्ति, विकासको निम्ति गण्डकी प्रदेश सरकारले त्यो खालको सोच ल्याओस्, त्यो खालको योजना ल्याओस् ती खालको सोच मात्रै होइन त्यसलाई कार्यान्वयन गरोस् हामी सहयोग गर्न तयार छौं। हाम्रो कुनै उद्देश्य छैन, हाम्रो उद्देश्य हो, लक्ष्य हो जनतालाई चाहिँ सुख दिने, सुबिधा दिने सुखी जनता समृद्ध गण्डकी प्रदेश बनाउने त्यो चाहिँ मुलुक बनाउने हो तर आज के त्यो अवस्था छ ? भारतले चाहिँ धमाधम चाहिँ लिपुलेक, लिम्पियाधुरा लगायतका

ठाउँहरुमा विकास निर्माण काम गरीराखेको छ, सरकार मुकदर्शक भएर बसेको छ। अब एमसीसीका बारेमा कुरा नगरौं, न हाँसको चाल न बकुल्लाको चाल हुने खालको बिषयमा म के टिप्पणी गरौं ती खालका बिषयमा, जसको कुनै दृष्टिकोण नै छैन, एकचोटी छाम्दा उ भयो भने बाहिर हात नत्र भित्र हात जस्ता त्यतातिर म टिप्पणी गर्न चाहिन तर राम्रा कामहरु एक घर एक धारा, उज्यालो प्रदेश, चाहिँ सडक देखि लिएर सबै हिजो सरकारले ल्याएका जतिपनि राम्रा कामहरु छन् त्यसलाई अब त टुङ्ग्याउने बेला होइन ? टुङ्ग्याउने बेलामा बजेट हालेको पचास हजार, एक लाख हालेको छ अनि प्रदेश सरकार भनिएको छ, सङ्घीयताको मुल आत्मा प्रदेश सरकार हुने, पचास हजार एक लाख बाँडेर यो प्रदेशको समृद्धि हुन्छ ? यो प्रदेशको विकास हुन्छ पचास हजार एक लाख रुपैयाँ त वडाहरुले हाल्नुहुन्छ नि अरु तलका टोलहरुले हाल्नुहुन्छ नि त्यसो भएर म प्रदेश सरकार फेरि पनि ध्यान आकृष्ट गराउन चाहन्छु, आग्रह गर्न चाहन्छु कि अहिले जसरी प्रदेश सरकार अगाडि बढेको छ, यसले यो ठिक ठाउँमा पुग्न सक्दैन र अन्तिममा म अनुरोध गर्न चाहन्छु, प्रदेश सरकारलाई अहिले यो पोखरा २२ मा यो पुम्दीभम्दीमा एउटा शिवको मुर्ति एउटा ठूलो शिवको मुर्ति त्यहाँका जनताहरु स्थानीय जनताहरु मिलेर चाहिँ बनाउनु भएको छ त्यहाँसम्म जाने बाटो चाहिँ अत्यन्त कच्ची बाटो भएको कारणले जनता प्रत्येक दिन चाहिँ पन्ध्र सय, दुई हजार मान्छेहरु त्यहाँ जान्छन् त्यो गण्डकी प्रदेशकै एउटा सबैभन्दा ठूलो प्रोडक्ट हो हुनत त्यो हाम्रो अर्थमन्त्रीज्यूको वडा पनि हो जन्म वडा हो निर्वाचन क्षेत्रको हिसाबले मेरो भएपनि त्यो बाटो छिटो भन्दा छिटो बनाउनु पर्‍यो, त्यो बाटो हामीले बनाइयो भने त्यहिंबाट ठूलो चाहिँ इन्कम पनि गर्न सक्छौं त्यो बाटो चाहिँ नबनेको कारणले त्यहाँ प्रत्येक दिन पन्ध्र सय, दुई हजार मान्छेहरु त्यहाँ त्यो शिव मन्दिर हेर्न जान्छन् तर त्यहाँ दुःख कष्ट भैरहेको अवस्था छ, यस्ता ठाउँहरु जुनजुन ठाउँहरु छन् तिन्लाई प्राथमिकता दिएर क्रमागत रुपले चाहिँ गरोस् आज जसरी स्वास्थ्य मन्त्रालयको बिषयमा बोल्न एउटा काम भएपनि राम्रो काम गर्‍यो **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** भनेर बोल्न पाइयो अरु मन्त्रालयको बिषयमा पनि अर्को चोटि बोल्न पाइयोस्। झनझन उ हुने खालको स्थिति नहोस्। धन्यवाद। नमस्कार।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म, मिति २०७८ साल भाद्र २९ गतेको सभाको बैठकमा प्रस्तुत भई सोहि मितिमा बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाइएको "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय बिष्णु प्रसाद लामिछानेलाई अनुमति दिन्छु ।

**विधायन समितिका सभापति माननीय बिष्णु प्रसाद लामिछानेः-** माननीय सभामुख महोदय, मिति २०७८ साल भाद्र २९ गते बसेको यस सभाको बैठको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत "गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा छलफल गर्न मिति २०७८ साल पौष २६, माघ ५, १४, १६, १७, २६, २८, फाल्गुण ८, ११ र १२ गते समितिको बैठक बसेको थियो।

समितिको बैठक समितिका माननीय सभापति बिष्णु प्रसाद लामिछानेको अध्यक्षतामा बसेको थियो। बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, डा. पुष्पा के.सी. भण्डारी, प्रभा कोइराला, मन बहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, सरिता गुरुङ, सावित्रा राना, हरि बहादुर चुमान र माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापा समेतको उपस्थिति रहेको थियो । साथै बैठकमा प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारी, माननीय उपसभामुख श्रृजना शर्मा, माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ र सोही मन्त्रालयका तत्कालिन सचिव विनोद कुँवर, सचिव देवेन्द्र लामिछाने, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयका सचिव धर्मराज कुइँकेल लगायतको उपस्थिति रहेको थियो।

यस विधेयक उपर दफावार छलफल गर्ने सिलसिलामा प्रदेश सभाका माननीय सभामुख, विधायन समितिका माननीय सदस्यहरु समेतको उपस्थितिमा तनहुँ जिल्लाको बन्दीपुर,

नवलपुर जिल्लाको पिप्रहर र कास्की जिल्लाको सराङकोटमा बालबालिकाको क्षेत्र सँग सम्बन्धित विज्ञ एवं सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी राय सुझाव संकलन समेत गरीएको थियो।

यसप्रकार विभिन्न मितिमा समितिको बैठक बसि व्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतिबाट निर्णय भए बमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश प्रदेश प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यस सम्मानित सभा समक्ष पेस गर्दछु।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म, मिति २०७८ साल असार ३० गतेको सभाको बैठकबाट गठन भएको कार्यक्रम अनुगमन समितिको अनुगमन प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका संयोजक माननीय रामशरण बस्नेतलाई अनुमति दिन्छु ।

**कार्यक्रम अनुगमन समितिका संयोजक माननीय रामशरण बस्नेतः-** माननीय सभामुख महोदय, सबभन्दा पहिला त प्रतिवेदन वाचन गर्नुभन्दा अगाडि मैले केहि कुरा राख्ने अनुमति चाहन्छु। हामी कार्यक्रम अनुगमन समितिले एक नम्बरमा सरकारसँग योजनाहरुको लिस्ट मागिरहँदा सरकार दिएका लिस्ट भन्दा वितरण भएको संख्या बढि भएको छ। त्यसो भएको कारणले पनि प्रतिवेदनका अनुसूचीहरुमा तपाईंहरुले फरक फरक डाटा पाउनुहुहन्छ म यो जानकारी गराउन चाहन्छु । एक नम्बरमा र दुई नम्बरमा अनुगमन गरिएको संख्याको लिस्ट यहाँ अलि कम रहेछ यो संख्या चाहिँ थपिएर आउने जानकारी गराउन चाहन्छु र अनुसूची चाहिँ मैले पढ्दिन किनभने त्यो अनुसूचीले नै प्रष्ट पार्छ सरकारले कति न्यायोचित वितरण गरेको रहेछ योजनाको भन्ने कुरा पनि अब प्रष्ट पार्ने भएको कारणले मैले पढिरहनुपर्ला भन्ने लाग्दैन किनभने सबै माननीयज्यूहरुको हात हातमा प्रतिवेदन आउने भएको कारणले माननीयज्यूहरुले प्रष्ट रुपमा देख्न सक्नुहुन्छ यो कुरा राख्दै म सरकार सभामुख मार्फत सरकारलाई के जानकारी गराउन चाहन्छु भने प्रतिवेदन हाम्रो प्रारम्भिक प्रतिवेदन चाहिँ हाम्रो समूहगत रुपमै छ त्यसको बढी अध्ययन चाहिँ सरकारले चाहिँ गरेर सत्य तथ्य कुरा के हो त्यो चाहिँ अब सदनलाई जानकारी

गराउँदा राम्रो हुन्छ भन्ने कुरा राख्दै म प्रतिवेदन अध्ययन गर्ने अनुमति चाहिँ चाहन्छु।
।

**प्रदेश सभा**

**गण्डकी प्रदेश**

**कार्यक्रम अनुगमन समिति**

**स्थलगत अवलोकन, अध्ययन तथा भ्रमणको प्रस्तुत प्रतिवेदन**

सभामुख महोदय,

मिति २०७८ आषाढ ३० गते गठित कार्यक्रम अनुगमन समितिको अन्तिम प्रतिवेदन सम्मानित प्रदेश सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पृष्ठभूमी :-**

आर्थिक वर्षको अन्त्यमा गण्डकी प्रदेश सरकारले विभिन्न नयाँ योजनामा बजेट विनियोजन गरेको विषयमा सदनको प्रतिपक्ष दल ने.क.पा. एमालेले संसदमा अवरोध गरेका कारण गण्डकी प्रदेश सरकारबाट मिति २०७८ साल असार ३० गते माननीय रामशरण बस्नेतज्यूको संयोजकत्वमा कार्यक्रम अनुगमन समिति गठन भयो। उक्त समितिको विभिन्न मितिहरुमा बैठक बसि योजना अनुगमन टोली गठन भई विभिन्न मितिहरुमा अनुगमन टोलीले गण्डकी प्रदेश अन्तर्गतका १० वटा जिल्लाहरुमा स्थलगत अनुगमन गरी निरीक्षणमा देखिएका विषयवस्तुहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको छ। उक्त प्रतिवेदन सम्मानित सदनमा पेस गर्ने कार्यादिश भएकाले सो जिम्मेवारी पूरा गर्न यो प्रतिवेदन तयार भएको छ ।

**संसदीय अनुगमन समितिमा रहनु हुने माननीय सदस्यहरुः-**

| **क.सं.** | **नाम, थर** | **पद** |
|---|---|---|
| १ . | माननीय रामशरण बस्नेत | संयोजक |
| २ . | माननीय श्री आशा कोइराला | सदस्य |
| ३. | माननीय श्री इन्द्रलाल सापकोटा | सदस्य |

४. माननीय श्री ओमकला गौतम सदस्य

५. माननीय श्री धनमाया पोखरेल लामा सदस्य

६. माननीय श्री पियारी थापा सदस्य

७. माननीय श्री रोशन बहादुर गाहा थापा सदस्य

**समितिको बैठक/कार्यविधी/कार्ययोजनाः-**

**समितिले आफ्नो बैठक बसी आफ्नो कार्ययोजना निर्माण गरेको थियो । समितिको जम्मा बैठक** ६ वटा सम्पन्न भए ।

मिति २०७८/०४/२० गते बसेको समितिको पहिलो बैठकले गण्डकी प्रदेश सरकारबाट आर्थिक बर्षको अन्त्यमा नयाँ योजनामा विनियोजन गरिएको बजेटका सम्बन्धमा प्रदेश सरकारसँग विवरण माग गर्ने निर्णय गरेको थियो ।

यसै गरी समितिका सबै माननीयज्यूहरुको सहभागिता हुने गरी अनुगमन कार्य प्रारम्भ गर्ने र स्थलगत अध्ययन अवलोकनका लागि आवश्यक पर्ने चेकलिस्ट तयार गरीयो । साथै बैठकले कार्यसूची बनाउने लगायतका निर्णयहरु गरेको थियो।

मिति २०७८/०४/३१ गते योजनासँग सम्बन्धित कार्यालयका प्रतिनिधिहरुलाई प्रदेश सभा सचिवालयमा आमन्त्रण गरी वहाँहरुको सहभागितामा बैठक बसी आवश्यक जानकारी लिने काम गरियो ।

मिति २०७८/०५/०१ मा कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय, अर्थ मन्त्रालय, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आदिबाट सचिव वा प्रतिनिधिहरु मार्फत प्राप्त विवरण यसै प्रतिवेदनको अनुसूची-१ मा मन्त्रालयगत योजना विवरण तथा अनुसूची-२ मा जिल्लागत योजनाहरुको विवरण राखिएको छ जुन मैले नपढ्ने कुरा अघि नै बताइसकेको छु ।

मिति २०७८/०५/२० मा समितिले १० वटै जिल्लाहरुमा स्थलगत अनुगमन गरी प्रारम्भिक प्रतिवेदन पेस गर्नका लागि टोलीहरु गठन गरिएतापनि कास्की जिल्ला भित्रका योजनाहरुको अनुगमन समितिले संयुक्त रुपमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्ने निर्णय गरीएको थियो।

"कार्यक्रम अनुगमन समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" निर्माण गरी सो अनुसार समितिको लागि आवश्यक पर्ने आर्थिक स्रोत एवम् अन्य आवश्यक पर्ने सबै प्रकारका सुविधाहरुको व्यवस्थापन सचिवालयबाट व्यवस्था गरिएको साथै समितिमा संलग्न माननीय एवम् कर्मचारीहरुका लागि आचारसंहिता सहित विविध विषयमा कुल २१ वटा बुँदा उल्लेख रहेको कार्यविधिलाई समितिको बैठकले छलफल र परिमार्जन गरी सर्वसम्मतिले पारित गरेको थियो। कार्यक्रम अनुगमन उपसमितिहरुबाट कुल ८२ वटा आयोजनाहरुको स्थलगत अध्ययन र प्रारम्भिक प्रतिवेदन प्राप्त भई सो माथि छलफल गरियो र अन्तिम प्रतिवेदनका लागि समितिका माननीय सदस्यज्यूहरुलाई आफ्नो थप राय, सल्लाह र सुझाव दिने निर्णय गरिएको थियो ।

मिति २०७८/०७/१४ गते बिहान ११:०० बजे समितिको पाचौं बैठक बसी सर्वसम्मतले प्रारम्भिक प्रतिवेदन पारित गरीएको थियो। सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त विवरण अनुसार असारको दोस्रो सातामा बजेट विनियोजन गरी १४६ वटा भनिएको छ यो १४८ वटा पुगेको छ कार्यक्रममा १३ करोड बजेट विनियोजन भएकोमा ९३ वटा आयोजनामा कुल १० करोड रकम मात्र भुक्तानी भएको देखिन्छ भने यस प्रदेशका १० वटा जिल्लामा अनुगमन कार्यक्रमहरु सम्पन्न गरीएको छ।

**अनुगमन समितिलाई म्याद थप्नुपर्ने कारणः-**

योजनाहरु विकट ठाउँमा अवस्थित रहेको, अविरल वर्षाका कारण बाढी पहिरो गई बाटो बन्द भएकोले यातायातमा अवरोध भएको, योजनाहरु धेरै ठाउँमा छरिएर रहनु लगायतका विभिन्न कारणले गर्दा अवलोकन कार्य निकै कठिनाइपूर्ण रहँदा रहँदै पनि उद्देश्य अनुरुपको कार्य सम्पन्न गर्नका लागि २०७८ साल भदौ २९ गतेदेखि १ महिना अर्थात ३० दिनको म्याद थप गरीएको थियो। सो अवधिभित्र अनुगमन सकिएको र

पछि प्रारम्भिक प्रतिवेदन माथि छलफल गरी माननीयज्यूहरुको राय, सल्लाह, सुझाव लिई यो अन्तिम प्रतिवेदन तयार गरीएको छ।

**अनुगमनका विधि, प्रकृया :-**

संसदीय अनुगमन समितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा सम्बन्धित कागजपत्र, कागजात, दस्तावेजको अध्ययन, स्थलगत अवलोकन, योजना कार्यक्रमसँग सम्बन्धित प्रश्नावली चे)कलिस्ट(, सरोकारवाला पदाधिकारी, उपभोक्ता समिति, प्राविधिकसँग भेटघाट एवं छलफल गरी आवश्यक पृष्ठपोषण सहित सम्पन्न गरीएको छ। **सभामुख महोदय,** यस कार्यक्रम अन्तर्गत **अनुगमन टोलीको राय एवं सुझाव** प्रस्तुत गर्ने अनुमति चाहन्छु। २०७८ साल असार ३० मा संसदीय अनुगमन समिति गठन भई कार्यक्रमको अवस्थाको अनुगमन गर्दा देखिएका सकारात्मक पक्षहरु निम्न रहेका छन् ।

१. केही कार्यक्रमहरु सिमित श्रोत र समयका बावजुद पनि राम्रोसँग कार्य सम्पन्न भएको पाइयो ।
२. केही कार्यक्रमहरु यसरी आर्थिक वर्षको अन्तिममा आएर सम्पन्न गर्न सकिदैन भनेर कार्यालयहरुबाट नै फिर्ता पठाएको पाइयो ।
३. योजनाहरुमा मूल्याङ्कनका आधारमा मात्रै विनियोजित भएको रकम भुक्तानी गरेको पाइयो ।
४. केही योजनाहरु सम्पन्न भए पश्चात स्थानीय जनताहरु लाभान्वित भएको सुझाव समेत पाइयो।

**केही सकारात्मक पक्षहरु देखिएता पनि थुप्रै नकारात्मक पक्ष पनि देखियो ।**

१. असारको अन्तिममा रकम विनियोजन भएकाले योजनाहरुको कामको गुणस्तरीयतामा कमि देखियो। अधिकांश योजनाहरु समय अभाव, कम बजेट र प्रतिकूल मौसमले गर्दा अधुरो हुन पुगेको देखियो ।
२. त्रिभुवन आदर्श क्याम्पस स्याङ्जाको कम्पाउण्ड निर्माण गर्न विनियोजित बजेट खर्च गर्दा उपभोक्ता समितिले नै निर्माण व्यवसायीलाई जिम्मा दिने काम भएको छ । अझै योजना हामी जाँदासम्म सम्पन्न नहुँदै व्यवसायीले पूरै भुक्तानी लिएको देखिन्छ। आगामी दिनमा यस्तो कार्य कोही कसैबाट नहोस् भन्नेमा सचेत हुन जरुरी देखिन्छ ।

३. योजनाको सम्झौता गरेर पूरै भुक्तानी लिएको तर सामान नपुगेको, सामान दाखिला नगरेको पाइयो । लमजुङको तामाङ होमस्टेमा समिति गठन भएको तर सामान समितिमा दाखिला भएको पाइएन र पसलको बिलका आधारमा पुरै भुक्तानी दिएको पाइयो। भुक्तानी दिनु अघि सम्बन्धित कार्यलयले अनुगमन निरीक्षण पनि गरेको पाइएन। सरकारी रकमको चरम दुरुपयोग देखियो। भुक्तानी दिनेबाट असुल उपर गर्नुपर्ने अथवा त्यहाँ सामन पुर्‍याउनुपर्ने देखिन्छ। सम्बन्धित मन्त्रालयलाई संसदले निर्देशन गर्नु पर्दछ भन्ने लाग्छ।

४. नवलपुरको गिरिवारी खोलामा खोला नियन्त्रणमा राखिएको जाली लगाउने योजनामा अनुगमन समिति पुग्नु पहिले नै ग्याबिन खोलाले लगेको जानकारी उपभोक्ता समितिले गरायो हामी पनि त्यहाँ गयौं र त्यहाँ चाहिँ अब जुन गरीएको काम हेर्न चाहिँ पाइएन ।

५. आयोजना नै सम्पन्न नभै भुक्तानी गरीएको साथै भुक्तानीको लागि आवश्यक कागजपत्र नै नभेटिएको अवस्थामा पनि भुक्तानी दिएर आर्थिक कार्यविधिको उल्लङ्घन भएको पाइयो। गोरखा जिल्ला आरुघाट गा.पा.-२ स्थित थलचोक बेसी खेलमैदान स्तरोन्नतिमा काम स्टमेटका आधारमा भएको पाइएन। त्यहाँ पुग्दा उपभोक्ता समितिको गठन हुँदा सम्झौता गर्दा र भुक्तानीका बेला कुनैपनि माइन्युट नबनाएको समेत पाइयो।एउटा केहि पनि पाइएन। यस्तो योजनामा भुक्तानी केका आधारमा दिइयो भन्ने प्रश्नको चित्त बुझ्दो उत्तर पाइएन। सार्वजनिक लेखा समिति वा सरकारले यस्ता योजना र कामको छानविन गर्नु पर्ने देखिन्छ।

६. एउटै आयोजनामा फरक फरक ठाउँमा फरक फरक ठाउँबाट बजेटहरु विनियोजन भएको पाइयो। जसका कारण बजेटको दुरुपयोग र आर्थिक नैतिकतामा शङ्का गर्ने ठाउँ रहेको देखियो । जस्तै मन्दिरको कुरा, स्कुलको कुरा, कलेजको कुरा, प्रतिष्ठानहरुमा परेका रकम दोहोरो परेको देखिएको छ कस्को बजेट कुन ठाउँमा परेको हो छुट्याउन कठिन भएको उदाहरणका लागि त्यही पुम्दिकोट अगि जुन हामी भन्न सक्छौं यो ठाउँ भनेर भन्नुभएको छ स्टमेट त त्यहाँ देखिएको छ तर करोडौं रुपैयाँका बजेट भवनहरु बनिरहेका छन् पुम्दीकोट पर्यटन पूर्वाधार कार्यक्रम, संस्कृत मामन्दिर निर्माण .वि., कास्की, टुंडिखेल खेल मैदान, कास्की आदिमा चाहिँ धेरै

रकमहरु परेको छ, अब मैदानमा रकम परेको छ, अब स्ट्रक्चरमा भएको भए यो पार्टस् भनेर भन्न सकिन्छ तर मैदानमा चाहिँ जुनसुकै स्टमेट पनि गर्न सक्ने र भुक्तानी चाहिँ लिएको छ तर दोहोरो तेहोरो योजना परेका ठाउँमा पैसा नराख्दा उपयुक्त हुन्छ भन्ने आशयको हाम्रो कुरा हो।

७. सहकारीलाई समेत रकम विनियोजन भएको देखियो जुन भुक्तानी आर्थिक ऐन नियमावली विपरीत देखिन्छ। नाफा कमाउने संस्थाहरुलाई समेत पैसा दिएको छ जस्तै मिलिजुली बहुउद्देश्यीय सहकारी संस्था, कावासोती, नवलपुर, जहाँ वहाँहरुले गर्नुभएको काम राम्रै देखिन्छ तर त्यस्ता योजनाहरुलाई पैसा दिने कि नदिने सरकारले चाहिँ एउटा सोच बनाउनुपर्छ हाम्रो चाहिँ कुरा हो।

८. लामाचौरमा अवस्थित नव आदर्श क्लबलाई सो संस्थाको विधानमा अक्षयकोषको व्यवस्था नै छैन नभए पनि एम्बुलेन्स सञ्चालन अक्षयकोष अनुदान नामक चाहिँ योजना बनाएर २५ लाख अनुदान दिइएको छ।

९. आगामी दिनहरुमा योजनाको छनौट गर्दा बढि भन्दा बढि जनसंख्यालाई प्रत्यक्ष लाभ हुने गरी योजनाहरुमा बजेट विनियोजन गर्नु पर्ने देखिन्छ।

१०. मध्य वर्षाका समयमा बजेट बिनियोजन गरेर स्तरीय काम भएको छैन र भएको काम पनि अपुरो छ कमसल छ अब छाना छाइएको छ, समुदायको घर बनाएको छ छाना छाइएको छैन त्यो पैसा जनताले तत्काल उपयोग गर्न पाइरहेको स्थिति भनेको सदुपयोग भएको छैन खर्च गरेर।

११. आवश्यकता नै नभएको ठाउँमा आयोजना राखिएको देखियो। यो पहुँचका आधारमा योजना परेको वा व्यक्तिका स्वार्थमा बजेट पठाइएको देखिन्छ जस्तै कच्ची सडकहरुको बीच बीचमा कसैको अब फर्म नजिक पिच भएको छ कसैको गाउँ नजिक पिच भएको छ त्यो ठाउँमा पुग्न चाहिँ बाह्र पन्ध्र किलोमिटर टाढा चाहिँ पर्छ त्यस्तो ठाउँहरुमा छ र यो चाहिँ पाइयो जस्तै ठूलोखोला पिपलडाली भनेर एउटा उदाहरणको रुपमा चाहिँ यी योजनाहरुको मोटरबाटोको मर्मत भनेर उदाहरण एउटा मात्रै राखिएको चाहिँ छ।

१२. यसरी आर्थिक बर्षको अन्त्यमा साना साना रकम सहितका नयाँ योजनाहरु छुट्याउँदा पूर्वाधार कार्यालयका कर्मचारीलाई अनावश्यक कामको चाप परेको तथा हतारमा

प्रक्रियागत त्रुटी हुन गई जागिर नै जोखिममा पर्न सक्ने भय रहेको कर्मचारीहरुले बताए ।

१३. पाइप लगायतका सामान खरिद भएको तर खरिद आदेश र स्टोर दाखिला पनि भएको पाइएन। काम कसरी कहाँ हुने टुंगो पनि नभएको उपभोक्ता समितिलाई नै रकम अभाव भएको बाँकी काम र बजेटका बारे कुनै योजना नभएको पाइयो । जस्तै कुमारी खत्री, भूमिगत जलउपभोक्ता समिति देवचुली-१३, दलदले पाइप खरिद गरेको छ वहाँहरुसँग पैसा केहि छैन अब त्यो पाइप गाड्नका निम्ति कि राज्यले पैसा दिनुपर्‍यो हैन भने जनताले चाहिँ पाइप गोदाम गरेर मात्रै राखेर भएन यसरी पुग्नेगरी पैसा चाहिँ विनियोजन गर्नुपर्‍यो यदि गर्ने हो भने त्यो आशयका साथ यो चाहिँ उ गरीएको।

१४. व्यक्तिको जग्गामा हामी पुग्दा खेलमैदान खनिसकेको छ व्यक्तिको नाममा लालपुर्जा छ व्यक्तिको नाममा आयोजना स्थापना भएको लगायत थुप्रै नकारात्मक पक्षहरु रहेको पाइयो जस्तै हिमचुली नवयुवा क्लब ट्रस तथा खेलकुद मैदान निर्माण, भनेर बजेट हालिएको थियो अजिरकोटमा र त्यो जग्गा अब त्यो संस्थाको नाममा पास भयो कि भएन ? सरकारले चाहिँ यथाशीघ्र बुझेर जानकारी सदनलाई गराउनु पर्छ हाम्रो माग त्यो हो।

१५. कच्ची सडकमा विनियोजन भएका पैसा साना र साँघुरा बाटाहरुमा समेत अब ढलान गरीएको पाइएको छ र ८-१० किलोमिटर भन्दा पछाडि ढलान गरिएका सडक खण्डहरुपनि पाइएको छ।

१६. बजेट विनियोजन भएका योजनाहरुले पूर्णता नपाएको देखिन्छ। ती योजना कुन रकमबाट पुरा हुन्छन् ? सरकारले किन र कसरी, के आधारमा रकम विनियोजन गरेको हो थाहा हुन सकेन।यसरी योजनाहरु अलपत्र छोड्दा प्रदेश सरकार माथि जनताको असन्तुष्टि बढ्न सक्छ।

**अनुगमनबाट देखिएका समग्र विषयवस्तु सहित सरकारलाई सुझाव :-**

१. अनुगमन समिति बनाउँदा प्राविधिक सहितको संलग्नता हुनुपर्ने।

२. अब भोलिका दिनमा कमजोर कार्य सम्पादन भएका भनि समितिले निर्दिष्ट गरेका यहाँ तोकिएका रहेका योजनाहरुको पुनरावलोकन गरी संसदमा सत्य तथ्य जानकारी गराउनु पर्ने।पछि सामान लग्यो कि, खेलकुद मैदान बनायो कि हामी जाँदा

बनाएको थिएन भुक्तानी लिइसकेको थियो यो चाहिँ अब यो सरकारले जानकारी सदनलाई गराउनुपर्छ।

३. रकमान्तर गर्दा कार्यक्रम संचालन र सम्पन्न गर्न लाग्ने समयावधिलाई समेत मध्येनजर गर्दै रकमान्तरको निर्णय गर्नु पर्ने ।

४. योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रम अधुरो एवं अलपत्र नपर्ने गरी पूर्णता पाउने गरी विनियोजन गर्नु पर्ने ।

**कार्यक्रम अनुगमनको निष्कर्ष**

सम्मानित प्रदेश सभाबाट पारित भै रातो किताबमा समावेश भएका योजनाहरुमा निर्माण व्यवसायीहरुले दायित्व सिर्जना गरी रकम माग हुँदा समेत योजनाहरुमा बजेट विनियोजन नगरी नयाँ साना, टुक्रे र व्यक्तिगत लाभ हुने योजनाहरुमा बजेट विनियोजन गर्नु भनेको प्रदेश सभा र विगतको विरासतलाई तोडमोड गर्दै यसलाई जनताले हेर्ने र बुझ्ने दृष्टिकोण गलत बनाउनु हो भन्ने देखिन्छ।

रकम विनियोजित अधिकांश योजनाहरुले पूर्णता पाउन नसकि रहेको अवस्थामा उक्त योजनाहरुको सम्पन्न गर्ने कुनै सुनिश्चितता समेत नभएको कारण जनतामा वितृष्णा आउन सक्ने संघियता अर्थात प्रदेश सरकार प्रति नकारात्मक सन्देश जाने देखिन्छ।

यसरी आ.ब.को अन्त्या पुराना क्रमागत योजनाहरुलाई उपेक्षा गरी नयाँ योजनाहरुमा बजेट विनियोजन गर्दा योजनाहरुको कार्य सम्पादन कमजोर र गुणस्तरहीन हुने उपभोक्ता र कार्यालयलाई समेत दबाब तनाव र आर्थिक बोझ हुने हुँदा नयाँ योजना आ. ब. को अन्त्यमा राख्नु सकारात्मक देखिदैंन।

यसरी बजेट विनियोजन गरी योजनाहरुको बजेटमा दोहोरो तेहोरो पर्ने समेत भएको पाईयो जस्तैः मन्दिर, सामुदायिक भवन, स्कुल, कलेज, विभिन्न प्रतिष्ठान, सरकारी संस्था, सहकारी आदिमा आर्थिक अनियमितता भएको आभास हुन्छ। यस्ता क्रियाकलापले सुशासन कायम हुन सक्ने देखिंदैन।

छोटो समयमा बिना मापदण्ड नयाँ योजनाहरुमा बजेट विनियोजन गर्नु भन्दा क्रमागत योजनाहरुलाई बजेट थप गरी उक्त योजनाहरु सम्पन्न हुँदा धेरै भन्दा धेरै

जनसंख्या लाभान्वित हुने र प्रदेश सरकारलाई सफलता मिल्ने देखिन्छ। तसर्थ आगामी दिनमा नयाँ योजनाहरुमा बजेट विनियोजन गर्न नहुने र पुराना क्रमागत योजना सम्पन्न गर्न जोड दिनु पर्ने हुन्छ।

अन्त्यमा, २०७८ साल आषाढ ३० गते सम्मानित प्रदेश सभा मार्फत अनुगमन समिति गठन गरी मेरो संयोजकत्वमा कार्यक्रम अनुगमन समिति गठन गरी योजनाको स्थलगत अनुगमन गर्ने अवसर प्रदान गर्नु भएकोमा गण्डकी प्रदेश सरकार, सभामुख, उपसभामुख, प्रदेश सभाका माननीयज्यूमा हार्दिक आभार व्यक्त गर्दछु। साथै स्थलगत भ्रमण टोलीमा रही प्रतिवेदन तयारीलाई अन्तिम समयसम्म सहयोग गर्नु हुने माननीयज्यूहरु, कर्मचारी मित्रहरु, कागजात उपलब्ध गराउन सहयोग गर्ने विभिन्न मन्त्रालयका सचिवज्यूहरु र अन्य कार्यालयका कर्मचारीहरुमा समितिको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब यो बैठक २०७८ साल चैत्र ६ गते दिनको १.०० बजे सम्मका लागि स्थगित हुन्छ।

२०७८ तदन्तर गण्डकी प्रदेश सभाको अर्को बैठक)चैत्र ०६ गते दिनको १ बजे बस्ने गरी दिनको २ बजेर ३१ मिनेटमा स्थगित भयो ।